नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 23 No 3 Monthly International Edition of Herald of His Coming March 2022

वर्ष २३, अङ्क ३ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (चैत, २०७८)

म परमेश्वरमा बाँच्न चाहन्छु
(I Long to Live for God, Part 1)

David Barinerd

David Barinerd (1718 – 1747) को पुस्तकबाट Jonalhan Edwards ले सम्पादन गरिएको लेख:

आफ्नो चौबिसौँ जन्मदिनमा, डेभिड ब्रेनर्डले आफ्नो साँझको प्रार्थना समयको डायरीमा यसरी लेखे "म परमेश्वरमा बाँच्न चाहन्छु, र उहाँप्रति पूर्णरूपमा समर्पित हुन चाहन्छु। म मेरो जीवन उहाँको सेवामा र उहाँको महिमाको लागि खर्च गर्न चाहन्थें। यो सन् १७४२ को कुरा थियो, उहाँ त्यतिबेला पास्टरीय सेवाको लागि तयारीमा हुनुहुन्थ्यो र त्यही विषयमा पढ्दै हुनुहुन्थ्यो। अब उहाँले प्रभुको सेवा गर्न आफू पूर्ण रूपमा योग्य भएको महसुस गर्नुभयो। त्यतिबेला व्यक्तिगत प्रार्थनाको समय छुट्याइएको थियो, केही दिनदेखि यो प्रार्थना चलिरहेको थियो परमेश्वरले अब उनको सेवकाईमा महान् अनुग्रह देखाउन् भनेर उनले प्रार्थनामा अगुवाई मागिरहेका थिए।

सन् १७४३ को वसन्तमा डेभिड स्कटिस मिसिनरी सोसाइटीबाट आफ्नो मातृभूमिको उत्तरपूर्वी मार्गमा बसोबास गर्ने भारतीयहरूलाई सेवा गर्ने जिम्मेवारी प्राप्त गरे, जुन पछि गएर संयुक्त राज्य अमेरिकाको भाग भयो (यो भाग वर्तमान अवस्थामा न्यूयोर्क, पेन्सेल्भानिया र न्यु जर्सि मिलेर बनेको राज्य हो) डेभिडले घोडा चढेर भारतीयहरू बस्ने उजाड स्थानहरूमा यात्रा गरे। जस्तोसुकै पीडा भए तापनि उनले आफ्नो जीवन तिनीहरूको सेवा गर्न समर्पण गरे। त्यहाँका मानिसहरूको जीवन पद्धति एकदमै आदिम थियो। केही समयको लागि उनी एउटा घरमा बस्न लागे, जहाँ उनी परालमाथि आफ्नो ओछ्यान बनाएर सुत्ने गर्दथे। पछि त्यो ठाउँमा उनलाई बस्नको लागि एउटा सानो झुपडी बन्दै थियो। झुपडी नै भए तापनि त्यो एकदमै राम्रो थियो। त्यो झुपडी तयार भएपछि अब उनी प्रभुसँग एकान्तमा समय बिताउन सक्ने भए। यो एकान्तको उजाडस्तानमा प्रभु उनको महान् सान्त्वनादाता हुनुहुन्थ्यो। आफ्ना दोभासेसँग मात्र उनी अंग्रेजी बोल्न सक्दथे। कहिलेकाहीँ उनले विश्वसीहरूसँग संगति गर्न चाहन्थे, जसले गर्दा उनले त्यतिबेला भारतीयहरूसँग बिताएका दु:खका कुराहरू बाँड्न चाहन्थे तर त्यो सम्भव थिएन। उनले आफ्नो डायरीमा लेखेका प्रार्थना र उनको अनुभव हाम्रो लागि धेरै महत्वपूर्ण छ। डेभिड जहिले पनि पवित्रताको पछि लाग्न चाहन्थे ताकि उनी पूर्ण रूपमा परमेश्वरको रूपमा परिवर्तन हुन सकुन्। उनी यसरी लेख्दछन् "म, पवित्रता, नम्रता र शुद्धताको खोजी गर्दथें।" उनले जस्तोसुकै अवस्थामा भए पनि परमेश्वरसँग प्रार्थना गर्न कहिल्यै बिर्सिएननु सधैँ संघर्ष त भयो तर उनी कहिल्यै थाकेनन्।

परमेश्वरको महिमाको लागि जोस

ब्रेनडेले सारा पृथ्वीभरिका

मानिसहरूले परमेश्वरलाई परमेश्वर भनेर चिनुन् भन्ने उनको इच्छा थियो । यस विषयमा उनको आफ्नो डायरीमा यसरी लेखेका छन् । "मलाई यो सानो कुटीमा बस्न मन पर्दछ किनभने यो ठाउँमा मैले परमेश्वरसँग समय बिताउन सक्दछु । म आफ्नो लागि, विश्वासी मित्रहरूको लागि, र सम्पूर्ण विश्वव्यापी मण्डलीको लागि यही कुटीमा बसेर प्रार्थना गर्न सक्दछु, यही ठाउँमा म परमेश्वरसँग संघर्ष गर्न सक्दछु । यो ठाउँमा मैले लामो समयसम्म आत्माहरूको रूपान्तरण र जागृतिमा परमेश्वरको शक्ति महसुस गर्न सकें । उपवास र प्रार्थनामा मलाई डोऱ्याउनुहुने परमेश्वरप्रति म एकदमै धन्यवाद दिन चाहन्छु । " उहाँको सदासर्वदै महिमा होस् ।

उनले आफ्नो जीवनको सेवकाईको दौरानमा भारतीयहरूलाई खोज्दै जंगलै जंगले धेरै माइलसम्म यात्रा गरिरहे । यो यात्राको दौरान परमेश्वरको सुरक्षाको अनुभव गर्दा उनी सधैँ हर्षित हुन्थे । उनी लेख्दछन् "मैले उजाडस्थानमा धेरै भोक र प्यासको अनुभव गरेको छु, जहाँ जीवनमा सुख सुविधा अनुभव गर्न नै सकिने थिएन, म धेरै पटक जंगलमा बाटो बिराएर हराएको छु, कहिलेकाहीँ हिँडेर नपुग्ने जंगलमा बाटो बिराएर हराएको छु, कहिलेकाहीँ हिँडेर नपुग्ने भएकोले धेरै माइल दौडेको छु, रातमा धेरै पटक जंगलमै सुतेको छु । तर परमेश्वरलाई धन्यवाद होस् उहाँले मलाई जहिले पनि सुरक्षा दिनुभयो, उहाँले बचाउनु भएको छ ।

डेभिडले धेरैपटक शरीरमा कमजोर भएको, थाकेको महसुस गर्दथे । उनलाई क्षयरोगको लक्षण थियो । उनलाई पौष्टिक आहारको कमी जीवनमा धेरैपटक भएको थियो । साधारण रोटी लिनको लागि उनले पन्ध्र, बिस माइल हिँडेका छन्, कसैलाई रोटी लिन पठाउँदा त्यो मानिसले रोटी लिएर आउँदा अमिलो भइसकेको हुन्थ्यो । कतिपटक उनले भारतीयहरूले खाने खानालाई फेरि भुटेर खाने गर्दथे । उनी यसरी लेख्दछन् "म जस्तोसुकै परिस्थितिमा खुसी हुन सकें, समस्या जति भए पनि परमेश्वरमा राख्न सकें, मलाई यो अवस्थामा ल्याउनु हुने परमेश्वरप्रति धेरै धन्यवाद दिन्छु, म कतिपटक राजाजस्तै भएको महसुस गरें ।" उनी वास्तवमा बोलाइएको व्यक्ति थिए । परमेश्वरको अनुग्रह उनीमाथि सधैँ रहिरह्यो । उनी जुन ठाउँबाट गएका थिए त्यहीँ उनी असल पास्टर हुन सक्ने थिए सायद सुविधा पनि पाउन सक्ने थिए तर उनले भारतीय जनताहरूको लागि सेवा गर्ने नै बाटो रोजे । परमेश्वरलाई धन्यवाद ।

उनले करिब एक वर्षसम्म मैले भारतीयहरूको बिचमा काम गरें । त्यहाँ बस्दा उनले परमेश्वरसँग समय बिताए, शारीरिक र मानसिक चुनौतीहरू सामना गरे । त्यो ठाउँमा यो एक वर्षमै उनले त्यति ठुलो परिवर्तन ल्याउन सक्ने कुरै भएन तर उनले बिउ ठिक प्रकारले रोपका थिए त्यो बीउ प्रार्थनाको माध्यमबाट, प्रचारको माध्यमबाट, प्रेमको माध्यमबाट रोप्न सके । उनीकहाँ धेरै मानिसहरू आँसु चुहाउँदै अब हामीले के गर्नुपर्ने हो भनी सोध्दै आएका थिए भने कतिले तपाईं यो सधैँ किन गर्दै हुनुहुन्छ भनी प्रश्नरु पनि सोध्ने गर्दथे ।

मरुभूमिबाट नयाँ बस्तीमा

उनलाई दिइएको अर्को गृहकार्यसम्म पुग्नको लागि उनले घोडामा चढेर एकसय माइलको यात्रा पनि गर्नुपऱ्यो । त्यो धेरै टाढाको अर्को मरुभूमि थियो जहाँ बस्तीहरू थिए । यस सन्दर्भमा उनले यसरी लेख्दछन्, मेरो हृदय कहिलेकाहीँ मेरो कामको विषयमा एकदमै गहिरो गरी सोच्न तयार थियो, र म मरुभूमिमा एक्लै जाँदा, मकहाँ आएको छु, अब म कता जानु पर्ने हो केही थाहा थिएन ।" आफ्नो डायरीमा उनले यसरी लेखेका छन्, "म यो सोच्न बाध्य थिएँ कि परमेश्वरका छोराछोरहिरू अझै पनि एकदमै बरालिएका छन्, उनीहरू कति मरुभूमिमा छन्, कति पहाडतिर र कति पृथ्वीका गुफाहरू साथै कन्दराहरूमा बरालिरहेका छन् । हिब्रूको पुस्तकमा यसरी लेखिएको कुरा उनले सम्झिरहन्थे "संसार तिमीहरूका निम्ति योग्य थिएन । मरुभूमि, पहाडहरू, गुफाहरू, र पृथ्वीका ओडाहरू हुँदो तिमीहरूलाई घुमिहिँड्नुपऱ्यो । " (११: ३८)

अब्राहामलाई पनि उनी बसेको ठाउँबाट बाहिर जान बोलाइएको थियो ।

नयाँ नयाँ ठाउँमा छरिएर रहेका भारतीयहरूले सुसमाचारमा धेरै चासो देखाए । यस सम्बन्धमा डेभिडले आफ्नो डायरीमा यसरी लेखेका छन्,

"भारतीयहरूले विश्वास परिवर्तनलाई सम्मान गर्ने भनेको, उनीहरूको नजरमा यो मध्यरातजस्तै हो, म व्यक्तिगत रूपमा भन्ने हो भने तिनीहरूको बिचमा परिवर्तनको कुनै आशा नै देख्न सक्दिन ।"

"जब प्रार्थनामा मेरो आत्मा बढ्दै गयो, र मेरो विश्वास अति नै समझदार भयो, मेरा प्रिय भारतीयहरूले परमेश्वरसँग रुन सके अब तिनीहरू धेरैको रूपान्तरण भयो ।"

उनको डायरीमा उनी यसरी अगाडि लेख्दछन्, "यो महिमापूर्ण परमेश्वरको काममा मलाई बाधा पुऱ्याउन कसैले पनि सक्दैन भन्ने मलाई लागिरहन्थ्यो । परमेश्वर जीवित हुनुहुन्छ । उहाँमा नै मैले आशा गर्न सक्दछु, म त्यसैको लागि बोलाइएको हुँ ।" परमेश्वरको अनुग्रहमा मेरा हृदयलाई फर्काउँदै म दिनदिनै गम्भीर भएको छु, मैले यति धेरै शोक गरें, एक दिन यस्तो अवस्था पनि आयो र मैले भन्न सकैं प्रभु म अझ धेरै शोकलाई खप्न सकुँ ।" जसले गर्दा म लगातार परमेश्वरको राज्यको बारेमा मात्र चिन्ता गर्न सकूँ । जब मैले यसरी आफैंलाई नम्र पारें परमेश्वरले मेरो हृदय अझै शुद्ध पार्नुभयो । मेरो भित्र चाहना र प्रार्थना यही थियो कि म उहाँको नाउँलाई बोक्ने एउटा असल भाँडो हुन सकुँ ।

प्रार्थनाको आत्मालाई रक्षा गर्दै

जब ब्रेनर्डले आफूमा प्रार्थनाको आत्मा छ भन्ने बुझे उनले यसरी आफ्नो डायरीमा लेखेका छन्, "म होसियार, कोमल र मेरो आफ्नै हृदयप्रति इर्ष्यालु भएको छु, अब मैले लापरवाही र व्यर्थैको विचारहरू त सोच्नु पनि पर्दैन, परमेश्वर तपाईंलाई धन्यवाद जसले मलाई शोक गर्ने आत्मा दिनुभयो जसले गर्दा म नम्र हुनसकें ।" डेभिड जहिले पनि आत्मालाई दु:खित पार्ने व्यर्थैको विचारहरबाट दु:खित हुनुहुन्थ्यो ।

"म कसरी बाँचें, कस्ता कठिनाइहरूबाट म गुज्रें वा कुन परिस्थितिमा म भएँ मलाई मात्र थाहा छ तर पनि कहिल्यै खीष्ट प्रेमबाट म टाढा गइनँ, उहाँसँगै रहिरहें ।

उनले भारतीय जनतामा पवित्र आत्मा खन्याउनको लागि धेरै प्रार्थना गरे, उनी जहिले पनि तिनीहरूको माझ परमेश्वरको शक्ति प्रकट होस् भन्ने चाहन्थे । कुनै कुनै दिन उनी पाँच, छ पटक उनले प्रार्थना गर्न छाडे, (जसरी उनले त्यो कुटीमा बस्ता प्रार्थना गर्दथे त्यसरी गर्न पाएनन् भन्न खोजिएको छ) उनले घोडामाथि चढेर नै प्रार्थना गर्दथे, कतिपटक उनी दुखाइ वा थकानको कारण निकै निरुत्साहित हुँदै सुत्न चाहन्थे त्यो समयमा पनि उनले आफ्नो प्रार्थनाको समय कहिल्यै कमी गरेनन् । उनी भन्थे "धन्य पवित्र आत्मा मलाई थाकेको बेलामा पनि प्रार्थना गर्ने बल दिनुभयो, यसरी प्रार्थना गर्न पाउँदा मेरो आत्मा अति नै हर्षित छ "उनले यसरी आफ्नो डायरीमा लेखेका छन्, "मलाई मेरो आवश्यक खानाको लागि कुनै चाहना थिएन ।"

परमेश्वरको नाम र अर्थ

एल्	-	सामर्थका परमेश्वर
एलेहिम	-	सृष्टिकर्ता परमेश्वर
एल ओलाम	-	अनन्तको परमेश्वर
एल् सदाब	-	मलाई देख्नुहुने परमेश्वर
एलोह	-	सम्झनुहुने परमेश्वर
एल गिब्दोन	-	शक्तिशाली परमेश्वर
एल् एलोह इससाइली	-	परमप्रभु इस्राएलका परमेश्वर
एल् एल्योल	-	अति उच्च परमेश्वर
इम्मानुएल	-	परमेश्वर हामीसँग
यहवे	-	परमप्रभु
यहवे सिद्धकोन	-	परमप्रभु मेरो धार्मिकता
यहवे शाबोध	-	सेनाहरूका परमप्रभु
यहवे निस्सी	-	परमप्रभु मेरो झण्डा
यहवे शे. ए.	-	परमप्रभु मेरो गोठालो
यहवे मक्कादेश	-	पवित्र तुल्याउनुहुने परमेश्वर
यहवे एलसलोह क्याना	-	परमप्रभु डाही परमेश्वर
यहवे पिरे	-	प्रबन्धकर्ता परमेश्वर
यहवे शम्माह	-	परमप्रभु त्यही परमेश्वर
यहवे शालोन	-	परमप्रभु मेरो शान्तिका परमेश्वर
यहवे रोफेका	-	परमप्रभु मेरो चङ्गाइकर्ता

थकितको लागि एक शब्द

A Word to the Weary

By Rich Carmicheal

हेराल्डको नयाँ अंक तयार गर्नमा एउटा महान् आशिष भनेको यसको अन्तर्निहित विषयवस्तु पत्ता लगाउनु भन्ने ठान्दछु। विभिन्न विषयहरूलाई तयार पारेर एकै ठाउँमा फरक-फरक विषयलाई नमिलाएसम्म यसको कस्तो स्वरूप बन्दछ हामीलाई थाहा हुँदैन। म यो कुरा विश्वास गर्दछु कि यी हरेक रत्नहरूलाई बहुमूल्य आशिषको रूपमा हाम्रा कार्यालयमा काम गर्ने कर्मचारीहरू र पाठकवर्गलाई परमेश्वरले नै दिनुहुन्छ। उदाहरणको लागि यस अंकको मुख्य विषयवस्तु भनेको- ख्रीष्टको महिमा, उहाँको मृत्यु र पुनरुत्थानको प्रभाव, दोस्रो आगमन, प्रार्थनाको आवश्यकता जस्ता विषयहरू समेटिएका छन्। वास्तवमा नै भन्ने हो भने यी विषयहरू अति नै महत्वपूर्ण छन्। हामी यो कुरा विश्वास गर्दछौं कि यो अंकमा समेटिएका यी विषयवस्तुहरूले तपाईंहरूलाई गहिरो प्रोत्साहन, प्रेरणा र चुनौती प्राप्त गर्नुहुनेछ। तर यो अंकमा एउटा अन्तर्निहित विषयवस्तु पनि छ जुन हामीले हाम्रो यात्रामा फेला पारेका छौं। म आशा गर्दछु त्यो तपाईंको निम्ति फरक आशिषको कुरा हुनेछ। तपाईं अगाडि बढ्दै जानु हुन्छ। तपाईंले समस्याहरू र परीक्षाहरू कसरी सामना गर्ने त्यो सिक्नु हुनेछ। अगाडिका शीर्षकहरू पक्कै पनि आशिषमय हुनेछन् भन्ने मैले आशा लिएको छु।

हामीहरू कतिले ख्रीष्टको पूर्णतालाई अनुभव नगरेका हुन सक्छौं, यदि हाम्रो आफ्नै प्रकृति र अवस्थाको असीम आवश्यकताहरूको सामना नगरेको भए उहाँलाई चिन्ने कुरै भएन। त्यसैले हामी येशूसँग हिँड्दा हामी उहाँमा हाम्रो आवश्यकताहरूको फरक पाउँदछौं।"

"तल्लो तहखानाबाट उहाँको नाउँ पुकार, उहाँले तिम्रो सास फेर्न वा तिम्रो पुकारामा आफ्नो कान छोप्नु हुनेछैन। तिमी रोएको बेला र पुकारोको बेला उहाँ नजिक आउनु हुनेछ र भन्नुहुनेछ नडराऊ। उहाले तिम्रो आत्माको कारण तिम्रो बिन्ती सुन्नु हुनेछ र उहाँले तिम्रो जीवनको मोल तिर्नुहुनेछ।" (F.B. Meyer)

"यस आँसुको घाँटी पार गर्दा परीक्षा र कठिनाइको बिचमा श्रम र दुःखको बिचमा, पीडा र प्रलोभनको बिचमा, ठुलो र सानोको द्वन्द्वका बिचमा र बारम्बार, प्रभुको मार्गमा हिँड्न चाहने परमेश्वरका छोराछोरीले आफूलाई आत्मिक रूपमा थकित भएको थाहा पाउँछ। यस्तो अवस्थामा महिमित परमेश्वरकहाँ जानुहोस् र भन्नुहोस् 'हे प्रभु मलाई यस्तो परिस्थितिमा मिल्ने तपाईंको वचन दिनुहोस्, किनकि म थाकेको छु, यो समयमा म मेरा प्रभुलाई सम्मानसहित उहाँको गवाही दिन चाहन्छु, हे प्रभु मसँग बोल्नुहोस्, येशू मसँग यसरी बोल्नुहुन्छ भन्ने कुरा प्रमाणित गर्नुहोस् र तपाईंले यो बेलामा तपाईंसँग वचन बोल्नको लागि मलाई तयार पार्नुहोस्। जब म संकटमा हुन्छु मेरो साथ नछाड्नुहोस् है प्रभु !"

ओ ! उहाँलाई प्रयोग गर्नुहोस्, एकपटक फेरि प्रयास गर्नुहोस्, अझै प्रयास गर्नुहोस्। यो अवस्थामा तपाईंले उहाँमा भरोसा राख्नु कत्तिको आवश्यक छ। तपाईंले उहाँमा कत्तिको राम्रो विश्वास गर्नुहुन्छ, हे प्रियहरू यो अवस्थामा उहाँले तपाईंलाई मद्दत गर्नुहुनेछ, उहाँले तपाईंलाई कहिल्यै छोड्नु हुने छैन, त्याग्नु हुनेछैन।" (George Muller)

"त्यसपछि हामीले उहाँको प्रेम र धैर्यता हाम्रो हृदयभित्र उहाँबाट प्राप्त गरेको थाहा पाउनेछौं। र हाम्रो जीवनबाट आउने सम्पूर्ण नकारात्मक कुराहरूलाई जित्न सफल हुनेछौं। वा सायद हामीलाई विजयी साहस चाहिएको बेलामा हामी बोलाइनेछौं। हामी यसलाई हाम्रो हृदयमा खोज्दछौं र हामी कमजोरी र असहायताबाहेक केही पाउँदैनौं।

अनि जब हामी उहाँको अदृश्य शक्तिलाई घोषणा गर्दछौं भने उहाँको सामर्थ्यको विश्वासमा अघि बढ्न सक्दछौं। उहाँले हामीलाई यतिबेलै भेट्नुहुन्छ र हामीलाई नकारात्मक कुराहरूबाट विजय प्राप्त गर्न सक्षम बनाउनुहुन्छ। उहाँले उद्घोष गर्नुहुन्छ किनकि परमप्रभु परमेश्वरले मलाई मद्दत गर्नुहुनेछ।" (A.B. Simpson)

"हेर्नुहोस् म तपाईंलाई प्रार्थना

गर्दछु उहाँको असल कार्यको जीवनको महिमा, कृपाका चमत्कारहरू, उहाँका पतन भएकाहरूको लागि प्रशस्त मात्रामा छ । उहाँले हाम्रो हेरचाह गर्नुहुन्छ एकपटक आफैंलाई सोध्नुहोस् कि उहाँको जीवनमा मानिसहरूका बीचमा सबै दुःखी हृदयहरूको लागि सुसमाचार छैन ।" (Charles H. Spurgeon)

"यशैयाको पुस्तकमा एउटा उल्लेखनीय खण्ड छ जसले हामीलाई चीलजस्तै पखेटाहरू माथि माथि उड्नु भन्ने बारेमा बताउँछ तर तुरुन्तै हामी यो कुरा बुझ्न सक्दछौं त्यही व्यक्ति जीवनको सामान्य हिँडाइहरूमा तल आउँदै गरेको भेट्टाउँदछौं 'दौडन र थाक्न, हिँड्न र बेहोस हुन'

"तर परमप्रभुको आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ । तिनीहरू गरुडझैं माथि-माथि उड्नेछन्, र दुगेरर पनि तिनीहरू थाक्नेछैनन् । तिनीहरू हिँड्नेछन् तापनि मूर्च्छा पर्ने छैनन् ।" (यशैया ४० : ३१)

यस्तो देखिन्छ कि पहाड तिनीहरूको लागि हिँड्ने र दौडने ठाउँजस्तै हो । अनुग्रह र महिमाको उच्च अनुभव तिनीहरूका तल्लो तहहरू हिँड्न सक्षम बनाउन डिजाइन गरिएको थियो ।" (B.A. Simpson)

"यदि तपाईं ठुला कठिनाइहरू बिचमा हुनुहुन्छ भने हामी आशा गर्दछौं कि प्रभुले तपाईंलाई गहिरो सान्त्वना दिनुहुन्छ किनकि तपाईंले बहुमूल्य सत्यतालाई हृदयमा लिनुभएको छ र तपाईंले आफ्नो आँखा र हृदयलाई ठिक बाटोमा (ख्रीष्टको बाटोमा) लगाउनु भएको छ र पूर्ण रूपमा प्रार्थनातिर फर्कनु भएको छ । तपाईंको अवस्था जस्तोसुकै भएतापनि हामी विश्वास गर्दछौं किन यी सन्देशहरूले तपाईंहरूलाई गहिरो प्रोत्सहन, सुधार र उत्साह प्राप्त गर्नुभएको छ । परमेश्वरले हामीलाई गहिरो प्रेम गर्नुहुन्छ कति अचम्मको कुरा । उहाँको वचनले हामीलाई सधैं हेरचाह गर्नुहुन्छ । परमेश्वरका पुत्रले हामीलाई सधैं अप्ठ्यारो भएको बेलामा सहयोग गर्नुहुन्छ । हामी उहाँको ज्ञानमा बढ्दै जानु पर्दछ । "तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दै जाओ । उहाँलाई अहिले र सदासर्वदा महिमा होस् । आमिन् ।" (२ पत्रुस ३ : १८)

बाइबल

पढ्छन् सबै पवित्र बाइबल यहाँ परमेश्वरको वचन
काम गर्छ क्रियाशील भइकन यहाँ बनाइदिन्छ सज्जन
सत्य वचन यो परमेश्वरको प्रेरणाद्वारा लेखियो
जीवनका जति सबै प्रश्नहरू बाइबलभित्रै देखियो ।

सत्य, सिद्ध पवित्र छ बाइबल यो विश्वास गर साथी
कोही पनि छैनन् यो जगत्मा परमेश्वरभन्दा माथि
बाइबल झुटो हो भनीकन धेरैले गरे प्रयासहरू
सत्य बुझेँ जब बढे उनैमा वचनको त्रासहरू ।

झुटो प्रमाण गर्न खोजे धेरैले दन्त्य कथा हो भनी
बाइबललाई बुझी विश्वास गरे उनी आफैंले पनि
बाइबललाई विद्वान्ले आलोचना गर्न अघि सरे
ऐतिहासिक वैज्ञानिक रूपमा सत्य प्रमाणित गरे ।

अवशेष शिलापत्रबाट बन्यो भूगर्भशास्त्रीको साक्षी
आजसम्म भएको छैन यसबाट कसैलाई पक्षपाती
धार्मिकतामा तालिम दिनलाई यो लाभदायक हुन्छ
बाइबलजस्तै प्रमाणित अरू यहाँ धर्मशास्त्र कुन छ ?

विश्वासीको जिउने आधार नै पवित्र बाइबल मानी
परमेश्वरको वचन बाइबलभित्र जीवनको खानी
पाउँछन् जीवनको अर्थ उनैले बाइबल पछ्याउँछन् जो
संसारमै धेरै जातिले पढ्ने त्यो पवित्र बाइबल हो ॥

('क्रुसको कथा' कवितासंग्रहबाट)

नियमित बाइबल पढ्ने बानी बसाऔं

खीष्ट येशूका आज्ञाहरू

विश्वास सम्बन्धमा

- सु-समाचारमा विश्वास गर, मर्कूश १ :१५
- पिता र ममा विश्वास गर, यूहन्ना १४ : १
- मलाई पठाउनेलाई विश्वास गर, यूहन्ना : २८ - २९
- पिता ममा र म पितामा छौ भनेर विश्वास गर, यूहन्ना १४ : ११
- मैले गरेका काममा विश्वास गर यूहन्ना १० : ३७ - ३८
- मैले जे पिताबाट पाएको छु त्यसमा विश्वास गर मकूर्श ११ : २४

नयाँ जन्मको सम्बन्धमा

- नयाँ गरि जन्मनै पर्छ, यूहन्ना ३ : ७
- तिमीभित्र भएकोलाई सफा गर मत्ती २३ : २६
- रुख राम्रो वनाउ र फल राम्रो हुन्छ मत्ती १२ : ३३
- म मा रहो र म तिमीहरूमा यूहन्ना १५:४
- नून जस्तै वन मकूर्श ९ : ५०
- अनन्त जीवनको निम्ति दु:ख गर यूहन्ना ६:२७
- आनन्दित बन किनकि तिम्रो नाम स्वर्गमा लेखिएको छ लूका १०:२०

पवित्र आत्मा पाउने सम्बन्धमा

- पवित्र आत्मा लिओ : यूहन्ना २० :२२
- पहिला वालवालीकाले थाहा पाउन मर्कूश ७ : २७
- तिर्खाउने आओस र पिओस् - यूहन्ना ७ : ३७ -३८
- मेरो आज्ञा पालन गर पिताले आशिष दिनुहुन्छ यूहन्ना १४ :१५-१७
- आनन्दले माग पाउनेछौ यू. १६:२४, लुका ११:५ - १३
- सल्लाहकारको गवाही दिनुहुन्छ यूहन्ना १५ : २६

येशूको पछि लाग्ने सम्बन्धमा

- मलाई पच्छाउ यूहन्ना १२ : २६
- बप्तिस्मा लेऊ मत्ती ३ : १३, २८ : १९
- मेरो सम्झनामा खाने गर लुका २२ : १७ - १९
- एक अर्काको खुट्टा धोऊ यूहन्ना १३ : १४-१५
- कोही मेरो पछि लाग्छ भने आफ्नो क्रूस आफै बोकोस् लुका ९:२३
- मबाट सिक मत्ती ११ : २९
- मेरो प्रेममा रहो यूहन्ना १५ :९

प्रार्थना सम्बन्धमा

- सधैँ प्रार्थना गर, लुका २१ : ३६
- परीक्षामा नपर्न प्रार्थना गर लुका २२ : ४० - ४६
- खेतालाको निम्ति प्रार्थना गर लुका ६ : २८
- गाली गर्नेको निम्ति प्रार्थना गर लुका ६ : २८
- पितालाई खीष्टको नाउँमा प्रार्थना गर मत्ती ६:६, यूहन्ना १६:२४-२६
- प्रभुको प्रार्थना मत्ती ६ : ९ - १३
- अन्य जातिले जस्तो प्रार्थना नगर मत्ती ६ : ७ - ८

अन्तर्राष्ट्रिय प्रार्थनाका विषयहरू

- इराकमा परमेश्वरको काम अझै प्रभावशाली हुन सकोस् र त्यहाँको साङ्ले प्रार्थनाले निरन्तरता दिन सकोस् भनी प्रार्थना गरौँ ।
- युरोपमा फेरि हामीले प्रचारकहरू पठाउनुपर्ने चुनौती आएको छ । संसारका धेरै देशहरूले यो काम सुरु गरिसकेका छन् । आउनुहोस् हामी पनि सहभागी बनौँ ।
- प्यालेस्टाइनमा भएका यहुदीहरू र खीष्टियनहरू एकतामा आउन सकुन् र साँचो परमेश्वरको सत्यतालाई बुझ्न सकुन् यही प्रार्थना गरौँ ।
- संयुक्त राष्ट्र संघका नेताहरूका लागि प्रार्थना गरौँ । जोहरूले संसारमा शान्ति स्थापना गर्न सकुन् ।
- युगाण्डामा शान्ति स्थापना हुन सकोस् साथै त्यहाँ परमेश्वरको महान् काम हुन सकोस् भनी प्रार्थना गरौँ ।
- संसारमा कति जातिहरू छन् जसको आफ्नो भाषामा बाइबल छैन । हामीमध्ये कति जनाको आफ्नै भाषामा बाइबल अनुवाद भएको छैन भने अब हामी प्रार्थना गर्न ढिला नगरौँ ।
- संसारभरि कति ठाउँहरूमा सुसमाचारको खातिर प्रचारकहरूले दु:ख भोगिरहेका छन् तिनीहरूको बीचमा सेवकाई गर्ने व्यक्तिहरूको लागि प्रार्थना गरौँ ।

प्रार्थना गरौं

- राष्ट्रिय खीष्टियन महासंघ सबै खीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका खीष्टियनहरुका बीचमा एकता आइरहोस् ।
- विश्वभर फैलिएको कोरोना (कोभिड १९) महामारीबाट संसारले चाँडै मुक्ति प्राप्त गरेको होस् ।
  साथै हालै देखिएको कोरोनाको ओमिक्रोन भेरिएन्टबाट प्रभावित संसारभरिका मानव समुदायका निम्ति प्रार्थना गरौं ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकोस् ।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)
- निकट भविष्यमा हुन गइरहेको निर्वाचन शान्तिपूर्ण सम्पन्न हुन सकोस् ।

हार्दिक शुभकामना

पुनरुत्थान (इस्टर) महोत्सवका साथै नव वर्ष वि.सं. २०७९ को सुखद अवसरमा

सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी तथा नेपालका सम्पूर्ण मण्डली

परिवारमा उत्तरोत्तर प्रगति, सुख, शान्ति एवं सुस्वास्थ्यको शुभकामना

व्यक्त गर्दै सबैमा प्रेम, विश्वास र एकताका लागि

परमेश्वरसँग प्रार्थना गर्दछौं ।

नेपाल खीष्टियन हेराल्ड परिवार

प्रेरणा मण्डली परिवार

विशेष धन्यवाद

पा. माधव पौडेल, रुची पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।

स्थानीय वितरक

रमेश बिडारी तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, एस्तर कुमाल, टोकियो, जापान, इस्माइल लेप्चा, दार्जीलिङ, भारत, केदार तामाङ, मलेसिया, पावल राई, बहराइन,काठमाडौं, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौं ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 01- 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta